# रेडियो मेरो सम्भनामा

## शिव रेग्मी

रेडियो सबैभन्दा पहिलो मैले कहिले सुनेँ ? त्यो म किटेर भन्न सक्ने स्थितिमा छैन, तर मैले सुनेको चाहिँ बाटोमा हिँड्दा कुनै पसल वा घरमा बजेको रेडियोबाट हो । रेडियो देखेर सुनेको त २००९ सालमा हो ।

नेपालमा सर्वप्रथम रेडियो प्रसारण २००३ साल माघ १४ गते भएको हो भन्ने इतिहास त धेरै पछि सुनेको र पढेको हुँ । २००७ सालको जनक्रान्तिपछि स्थापित नेपाल रेडियो सुनेको भने २००९ साल वैशाखदेखि हो । म करिब एक वर्षको गाउँ बसाइपछि ठमेलको डेरामा फर्कंदा हाम्रो घरपतिले पनि रेडियो किनेर बजाएको थाहा पाएँ । गाउँको लामो बसाइपछि म सहर फर्कंदा नेपालमा प्रजातन्त्र आइसकेको थियो । धेरै समयको अन्तरालपछि सहर आउँदा मलाई त्यतिखेर दुइटा कुरा देखेर उदेक लागेको थियो । एउटा थियो, धेरैजसो युवकहरूले कालो लुगा लगाएको र अर्को, घर-घरमा छाना-छानामा बाँसको टाँगो ठड्याएर तार तानेको । कालो लुगाको अर्थ त बुझिएन, तर बाँसको टाँगोबारे पछि बुझ्दा

थाहा भयो– रेडियोको निमित्त 'ऐरियल' को रूपमा तारलाई टाँगोमार्फत अग्लो ठाउँमा राखिएको रहेछ ।

आफ्नो रेडियो थिएन त्यतिखेर । घरपतिले भारु ३०० हालेर 'हिज मास्टर्स भ्वाइस' (एचएमभी) कम्पनीको ठूलो रेडियो किनेर ल्याएका थिए । डेरा भए पनि घरपतिसँगको सम्बन्ध पारिवारिक किसिमको भएकाले जुनसुकै बेला पनि रेडियो सुन्न कुनै अप्ठ्यारो पर्दैनथ्यो । 'लाउड स्पीकर' को मुखतिर फर्केको कुकुर चित्र अङ्कित त्यो रेडियो नयाँ सडकस्थित एचएमभी कम्पनीको पसलबाटै किनिएको थियो ।

सुन्ने कुरामा त्योभन्दा अघि एचएमभी कम्पनीको ग्रामोफोन हाम्रो डेरामा उहिल्यैदेखि थियो । रेकर्डस् पनि एचएमभीकै । पिताजीको खुशीमा बज्थे ती कहिलेकाहीँ, मौकामा । 'कुकुर ढ्वाङ' चिह्न अङ्कित एचएमभी रेकर्ड देख्दा आज पनि आफ्नो बाल्यकालमा फर्कने गर्छु म । हाम्रा घरपतिलाई एचएमभीको रेडियो




'कुकुर ढ्वाङ' चिह्न अङ्कित एचएमभी रेकर्ड (तस्बिरः शेखर पराजुली) ।

किन्ने प्रेरणा हामीसँग रहेको सोही कम्पनीको ग्रामोफोनले पनि दिएको हो । रेडियो आउनुअघि यही ग्रामोफोन बजाएर मनोरञ्जन गरिन्थ्यो– घरमा । नेपाली पुराना गीतका रेकर्ड प्रायः यही कम्पनीका उपलब्ध थिए । लामो समयदेखि यो कम्पनी नेपालमा प्रख्यात थियो । पछि 'भद्रकाली रेकर्डस्' पनि उत्पादन हुन थाल्यो ।

बाल्यकालकै घटनासँग सम्बन्धित अर्को घटना भने रेडियोको नामसँग मात्र सीमित छ मेरो । हाम्रो डेरा स्वर्गीय प्रो. अमृतप्रसाद प्रधान (अमृत साइन्स

क्याम्पसका संस्थापक) को घरसँगैको लहरमा थियो । अमृतप्रसाद प्रधानका पिता अजरप्रसाद प्रधान (जसको १०४ वर्षको उमेरमा केही वर्षअगाडि मात्र मृत्यु भयो) केही पहिलेदेखि उद्योग व्यापारमा संलग्न हुनुहुन्थ्यो । मैले थाहा पाउँदासम्म उहाँको घर कम्पाउण्डमा विशाल 'ट्रङ्क फ्याक्ट्री' थियो । सम्भवतः यो काठमाडौँको नै ठूलो र पहिलो ट्रङ्क फ्याक्ट्री हो । हाम्रो डेराको ठेगाना नै त्यतिखेर '१६ का मुनि १०४, ठमेल ट्रङ्क फ्याक्ट्रीसँगै' भनेर लेखिन्थ्यो । आज पनि *शारदा*का पुराना अङ्कहरू पल्टाउँदा विज्ञापनहरूमा 'नेपाल स्टील ट्रङ्क फ्याक्ट्री, ठमेल' देख्छु र भावुक बन्ने गर्छु । अँ त, भन्दै थिएँ, रेडियोको नामको कुरा । प्रधानहरूले २००७ सालअघि नै 'पाई' रेडियोको कारोबार गर्नु हुन्थ्यो कि क्याहो ? उहाँको घरबाहिर फ्याँकिएका कसिङ्गरमा 'पाई रेडियो' लेखिएका स्टीकरहरू बटुल्न झुमिन्थ्यौँ हामी । हुन त अचेल स्टीकर भनेपछि टाँसिने खालका हुन्छन्, तर त्यति बेला ती स्टीकरहरू अलि बाक्ला कागजमा छापिएका तासका पत्ती जस्ता बाटुला बाटुला हुन्थे । पाई रेडियो कहिलेसम्म चल्यो, थाहा छैन । म अझै नरदेवीको हाम्रो घरमा यही पाई रेडियो अङ्कित किस्ती भने बरोबर देख्ने गर्छु ।

२००९ वैशाखदेखि नेपाल रेडियोको समाचार सुन्ने मेरो आदत बस्यो । त्यतिखेरको खास खास कार्यक्रम *पुलिस, छात्र, फौजी* आदि भए पनि *बाल कार्यक्रम* र *काव्यकुञ्ज* धेरै सुन्ने गर्थें । *काव्यकुञ्ज* त्यतिखेरको साहित्यिक कार्यक्रम थियो । तर मलाई भने यी कार्यक्रमभन्दा पनि समाचार वाचन गर्ने प्रकाशमान सिंह र भोग्यप्रसाद शाहको स्वरले बढी आकर्षण गर्दथ्यो । उहाँहरू दुवैजना नेपालीमा समाचार वाचन गर्नु हुन्थ्यो । मैले सुनेसम्म हिन्दीमा राजेन्द्र कुमार, तुलसीनाथ ढुङ्गेल, कृष्णा ताम्राकारहरूले समाचार पढ्नुहुन्थ्यो । अङ्ग्रेजीमा तीर्थराज तुलाधर, (जसले पछि हामीलाई पढाउनु भयो, जे.पी. स्कूलमा) र एम.एस. देवकोटा हुनुहुन्थ्यो । नेवारीमा भने म हरि श्रेष्ठलाई मात्र सम्झन्छु । भोग्यप्रसाद र प्रकाशमानको स्वर रेडियोका लागि उपयुक्त र ओजपूर्ण लाग्थ्यो मलाई । अहिलेको जस्तो लामा लामा वाक्य र अनेपाली शब्द त्यतिखेर हुँदैनथे । शब्द उच्चारण स्पष्ट बुझिने, बोल्ने शैली खरो आदिले गर्दा म प्रभावित थिएँ । त्यस्ता समाचार वाचक अहिले पाउन मुस्किल छ । उहाँहरू कुन शब्दमा कहाँ बढी जोड दिनु पर्दछ भन्ने हेक्का राख्नुहुन्थ्यो, त्यहीअनुसार शब्दको उच्चारण गर्नुहुन्थ्यो । सम्भवतः उहाँहरू आफै समाचार सम्पादन पनि गर्नु हुन्थ्यो । अचेल जस्तो कनीकुथी समाचार भन्ने र तथ्य नै नबुझिकन भट्टयाइदिने चलन थिएन । केही महिना अघिको कुरा हो 'शेखसराजुल' सम्बन्धी समाचार वाचन गर्दा एक

वाचकले 'शेखर पराजुली' समेत भनेको यही कानले सुन्नु पऱ्यो । हिजोआज आफ्नो कामप्रति संवेदनशील हुन छोडे मान्छेहरू जस्तो लाग्यो मलाई ।

समाचार वाचनको त्यो प्रभाव मेरो जीवनमा सम्झन लायकको घटना नभए पनि २०४५ सालमा सञ्चार मन्त्रालयमा काम गर्दा श्रीलङ्कामा 'रेडियो न्यूज प्रोडक्सन एण्ड प्रेजेन्टेसन' कार्यक्रममा भाग लिन जाँदा त्यो प्रभावले राम्रै काम गऱ्यो । मैले पनि परीक्षणको रूपमा समाचार वाचन गर्नु पऱ्यो । मलाई लाग्छ, त्यो प्रभावले त्यहाँ मलाई राम्रो परिणाममा पुऱ्यायो । 'एसिया प्यासिफिक इन्स्टिच्यूट फर ब्रडकास्टिङ डेभलप्मेन्ट' द्वारा सञ्चालित त्यो कार्यक्रम दुई हप्ताको थियो र रमाइलै पनि भयो ।